धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन ।

९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २३, अङ्क ११० ◆ २०८३ कात्तिक १९ बिहीबार ◆ Thursday, November 5, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४◆ मूल्य रु. ५/-

बिर्तामोडमा आगलागीबाट छ करोड बराबरको क्षति

❑ *प्रत्यूष समाचारदाता*

भद्रपुर (झापा)। झापाको बिर्तामोडमा बुधबारको आगलागीबाट करिब रु छ करोड बराबरको क्षति भएको छ।

आगलागीबाट इलेक्ट्रोनिक पसल, फार्मेसी र दुईतले पक्की घर पूर्णरूपमा जलेर नष्ट भएका छन्। बिर्तामोड नगरपालिका-४ स्थित सिद्धार्थ होटलनजिकै रहेको राजेश मण्डलको घरमा आगलागी भएको थियो। घरको दोस्रो तलामा विद्युत् सर्ट भएर आगलागी भएको हुन सक्ने प्रारम्भिक अनुमान गरिएको जिल्ला प्रहरी कार्यालय झापाका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक रञ्जन अवाले जानकारी दिनुभयो। उहाँका अनुसार, आगलागीबाट शुभलाभ इलेक्ट्रोनिक्स पसल तथा गोदाममा करिब रु तीन करोड, निरिका फार्मेसी तथा गोदाममा रु एक करोड र घरधनी मण्डलको घरमा रु दुई करोड बराबरको क्षति भएको छ। आगो आसपासका घरमा समेत फैलिएको थियो।

आगलागी नियन्त्रणका लागि बिर्तामोड, भद्रपुर, मेचीनगर, दमक, कमल, शिवसताक्षी र गौरादहका सातवटा दमकल परिचालन गरिएका थिए। नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र स्थानीयवासीसमेत आगो नियन्त्रणमा खटिएका थिए।

विद्युत् आपूर्ति निर्वाध सुनिश्चित गर्नुपर्ने

काठमाडौं। ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले चाडपर्वमा विद्युत् आपूर्ति निर्वाध रुपमा सुनिश्चित गर्न निर्देशन दिनुभएको छ। त्यसलगत्तै सुरु हुने सुख्खायामको विद्युत् व्यवस्थापनका लागि पूर्वतयारी तथा योजनाबद्ध कामलाई प्राथमिकतामा राख्न समेत उहाँले मातहतका निकायलाई निर्देशन दिनुभएको छ।

सो क्रममा मन्त्री श्रेष्ठले बुधबार प्राधिकरण सञ्चाल समितिको बैठक अघि कार्यकारी निर्देशक तथा कर्मचारीहरुलाई तिहार तथा छठ पर्वमा विद्युत् आपूर्ति नियमित र अवरोधरहित बनाउन चाडपर्वको समयमा हुने विद्युत् माग र आपूर्तिको पूर्वानुमान तथा विश्लेषण गरी आवश्यक व्यवस्था मिलाउन आग्रह गर्नुभएको छ। चाडपर्वका समयमा विद्युत् खपत बढ्न सक्ने अवस्थालाई ध्यानमा राख्दै माग अनुसार पर्याप्त विद्युत् उपलब्ध हुने र कुनै पनि क्षेत्रमा अनावश्यक विद्युत् अवरोध हुन नदिने व्यवस्था मिलाउनुपर्नेमा उहाँले जोड दिनुभएको छ।

आगामी सुख्खायाममा विद्युत् आपूर्तिलाई भरपर्दो र नियमित बनाउन आन्तरिक उत्पादन तथा विद्युत् आयातको सम्भावना समेत विश्लेषण गर्न मन्त्री श्रेष्ठले प्राधिकरणलाई निर्देशन दिनुभएको छ। उहाँले सुख्खायाममा हुन सक्ने माग र उपलब्ध विद्युतको अवस्थाको यथार्थ मूल्याङ्कन गरी आपूर्ति व्यवस्थापनका लागि तत्काल चाल्नुपर्ने कदमसहित आगामी बैठकमा विस्तृत कार्ययोजना पेस गर्न निर्देशन दिनुभएको छ।

पदयात्रा अनुमति उल्लंघन गर्ने ट्रेकिङ एजेन्सीलाई ५० हजार जरिवाना

काठमाडौं। पदयात्रासम्बन्धी कानुन उल्लङ्घन गरेर विदेशी पर्यटकलाई निषेधित क्षेत्रमा लैजान खोज्ने ट्रेकिङ एजेन्सीलाई रु ५० हजार जरिवाना गरिएको छ।

बेल्जियमका दुई नागरिकलाई पदयात्रा अनुमति नलिई डोल्पोबुद्ध गाउँपालिकातर्फ लैजान खोजेको आरोपमा गरिमा भ्वायज ट्राभल्स टुर्स एण्ड ट्रेक्स प्रालिलाई अध्यागमन ऐन, २०४९ को दफा १०(४) बमोजिम जरिवाना गरिएको अध्यागमन विभागले जनाएको छ। जिल्ला प्रशासन कार्यालय डोल्पाबाट प्राप्त पत्र र घटनासम्बन्धी विवरण अध्ययन गर्दा एजेन्सीले प्रचलित कानुन उल्लङ्घन गरेको पाइएपछि कारबाही गरिएको विभागले जनाएको छ। घटनामा संलग्न गाइडको व्यावसायिक आचरण र इजाजतपत्रसम्बन्धी विषयमा



आवश्यक छानबिन गर्न पर्यटन विभाग तथा बागमती प्रदेशको उद्योग, पर्यटन, श्रम तथा यातायात मन्त्रालयलाई पत्राचार गरिएको विभागले जनाएको छ।

विभागले पदयात्रा अनुमति नलिई पर्यटकलाई कुनै पनि क्षेत्रमा नलैजान तथा जारी अनुमति र सर्तको पूर्ण पालना गर्न ट्रेकिङ एजेन्सी र गाइडलाई आग्रह गरेको छ। अनुमति उल्लङ्घन गर्ने र सम्बन्धित निकायको निर्देशन अवज्ञा गर्नेमाथि कानुनबमोजिम कारबाही हुने विभागले चेतावनी दिएको छ।

सरकारलाई जवाफदेहिताका आधारमा अघि बढ्न आग्रह

❑ *प्रत्यूष समाचारदाता*

ललितपुर। नेपाली कांग्रेसले सञ्चारमाध्यमको स्वतन्त्रता, पत्रकारको सुरक्षा र लोकतान्त्रिक संस्थाको स्वायत्तता कायम राख्दै सरकारलाई विधिको शासन, पारदर्शिता र जवाफदेहिताका आधारमा अघि बढ्न आग्रह गरेको छ।

नेपाली कांग्रेस केन्द्रीय कार्यालयमा आयोजित आकस्मिक पत्रकार सम्मेलनमा पार्टीका तर्फबाट धारणा सार्वजनिक गर्नुहुँदै वरिष्ठ उपसभापति विश्वप्रकाश शर्माले सञ्चारकर्मीलाई प्रतिपक्षका विषयमा मात्र नभई सत्तापक्षका गतिविधि र सरकारका निर्णयमाथि पनि निर्भीकतापूर्वक प्रश्न उठाउन आग्रह गर्नुभयो। उहाँले लोकतन्त्रको अवस्था मापन गर्ने महत्वपूर्ण आधार स्वतन्त्र प्रेस रहेको उल्लेख गर्दै पत्रकार स्वयं असुरक्षित महसुस गर्नुपर्ने अवस्था आउनु चिन्ताजनक भएको बताउनुभयो।

"पत्रकारले कुनै राजनीतिक दल वा शक्तिको दबाबविना सत्यतथ्य सार्वजनिक गर्न सक्ने वातावरण निर्माण हुनुपर्छ, कुनै पनि देशमा लोकतन्त्र छ वा छैन भन्ने कुराको सबैभन्दा बलियो आधार त्यहाँको प्रेसले निर्भयतापूर्वक लेख्न पाउँछन् कि पाउँदैनन् भन्ने हो", वरिष्ठ उपसभापति शर्माले भन्नुभयो। वरिष्ठ उपसभापति शर्माले पत्रकारहरूले सत्तापक्ष र प्रतिपक्ष दुवैका गतिविधिलाई समान दृष्टिकोणबाट हेर्नुपर्नेमा जोड दिनुभयो। उहाँले कांग्रेसको १५औँ महाधिवेशन र विशेष महाधिवेशनका विषयमा सार्वजनिक भइरहेका टिप्पणीप्रति असन्तुष्टि व्यक्त गर्दै पार्टीको विशेष महाधिवेशन विधानसम्मत रूपमा सम्पन्न भएको बताउनुभयो।

पार्टी विधानको दफा १७ को उपदफा २ अनुसार महाधिवेशन प्रतिनिधिहरूको सहभागितामा विशेष महाधिवेशन सम्पन्न भएको र त्यसपछि निर्वाचन आयोगले पार्टीको अभिलेख अद्यावधिक गरेको वरिष्ठ उपसभापति शर्माले बताउनुभयो। यस विषयमा सम्मानित अदालतमा समेत बहस भई २०८३ वैशाख ४ गते फैसला आएको उल्लेख गर्दै उहाँले निर्वाचन आयोगको निर्णय र अदालतको आदेशमाथि प्रश्न उठाउने गरी भइरहेका प्रचारप्रति आपत्ति जनाउनुभयो।

वरिष्ठ उपसभापति शर्माले पार्टीको १५औँ महाधिवेशन व्यवस्थित रूपमा सम्पन्न भएको र निर्वाचन प्रक्रिया एकै रातमा पूरा भएको उल्लेख गर्दै महाधिवेशनमा सहभागी हुन नसकेका तथा बाहिर रहेका नेता कार्यकर्तालाई समेत समेटेर अघि बढ्ने प्रयास भइरहेको जानकारी दिनुभयो। सरकारले आफ्नो प्राथमिकता विपद्पछिको पुनर्निर्माण, पुनःस्थापना र प्रभावित नागरिकको राहतमा केन्द्रित गर्नुपर्ने वरिष्ठ उपसभापति शर्माले बताउनुभयो। विपद्बाट ठूलो जनधनको क्षति भएको अवस्थामा पीडित नागरिकलाई राहत, पुनःस्थापना र आवासको व्यवस्था प्रभावकारी बनाउनुपर्नेमा जोड दिँदै उहाँले सरकारको ध्यान अन्य विषयमा केन्द्रित भएकोप्रति प्रश्न उठाउनुभयो। उहाँले कांग्रेस जिम्मेवार प्रतिपक्षका रूपमा सरकारलाई सहयोग गर्न तयार रहेको स्पष्ट पार्दै वर्तमान सरकारलाई *(बाँकी पृष्ठ ३मा)*

त्रिविको ७०५ रोपनी जग्गा फिर्ता

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौं। त्रिभुवन विश्वविद्यालय (त्रिवि)ले काठमाडौं उपत्यकाभित्र आफ्ना नाममा रहेका तर लामो समयदेखि विभिन्न निकाय, सङ्घ-संस्था तथा व्यक्तिद्वारा ओगटेको ७०५ रोपनी जग्गा फिर्ता ल्याएको छ।

शिक्षा तथा खेलकुद मन्त्रालय र त्रिविको सक्रियतापछि वर्षौंदेखि सम्झौताविपरीत प्रयोग भइरहेका, म्याद सकिएका र बिनास्वीकृति अतिक्रमण गरिएका विश्वविद्यालयका जग्गा फिर्ता ल्याइएको मन्त्री सस्मित पोखरेलले जानकारी दिनुभयो। त्रिवि जग्गा खोजबिन समितिको प्रतिवेदन र आन्तरिक अभिलेखलाई मुख्य आधार बनाएर सञ्चालन गरिएको जग्गा फिर्ती अभियानका क्रममा काठमाडौं उपत्यकाभित्र कब्जा गरी राखिएको जग्गाको लगत सङ्कलन गरिएको थियो। पैँतीस दिने समयसीमाभित्र अनधिकृत रूपमा सञ्चालनमा रहेका संरचना खाली गराउने र सम्झौता नवीकरण नभएका क्षेत्रहरूलाई विश्व विद्यालयको प्रत्यक्ष स्वामित्वमा ल्याउने काम तीव्रताका साथ अगाडि बढाइएको थियो।

मन्त्रालयको अग्रसरता र त्रिवि प्रशासनको सक्रियताका कारण छ महिनाको छोटो अवधिमा ७०५ रोपनीभन्दा बढी जग्गा फिर्ता ल्याइएको हो। मन्त्री पोखरेलका अनुसार, फिर्ता ल्याइएको जग्गालाई विश्वविद्यालयको गुरुयोजनाअनुसार अत्याधुनिक



प्रयोगशाला, अनुसन्धान केन्द्र, केन्द्रीय पुस्तकालय र शैक्षिक पूर्वाधार निर्माणमा उपयोग गर्ने तयारी त्रिविले गरेको छ।

यसबाहेक फिर्ता आउन बाँकी रहेको जग्गाका लागि पनि काम भइरहेको मन्त्री पोखरेलले बताउनुभएको छ। "हामी सरकारमा आएपछि हडपिएका जग्गा फिर्ताको काममा सक्रियताका साथ लागेका थियौं। आजसम्म काठमाडौं उपत्यकाभित्र मात्र त्रिविको ७०५ रोपनी जग्गा फिर्ता भएको छ। उपत्यका बाहिरको हकमा पनि काम भइरहेको छ," मन्त्री पोखरेलले भन्नुभयो, "अब ती फिर्ता भएका जग्गाका हकमा अन्य शैक्षिक गतिविधि र त्यसका लागि आवश्यक पुर्वाधार निर्माण गर्छौं।"

नेपाल टेलिकमको खरिद प्रक्रियाबारे भ्रमपूर्ण समाचार नफैलाउन आग्रह

काठमाडौं। नेपाल टेलिकमले आफ्नो खरिद प्रक्रियाबारे केही सञ्चारमाध्यममा प्रकाशित तथा प्रसारित समाचारहरू भ्रमपूर्ण र अपुष्ट रहेको भन्दै त्यस्ता समाचार सम्प्रेषण नगर्न आग्रह गरेको छ।

कम्पनीले बुधबार जारी गरेको प्रेस विज्ञप्तिमार्फत पछिल्लो समय विभिन्न सञ्चारमाध्यममा कम्पनीको खरिद प्रक्रियासम्बन्धी भ्रमपूर्ण तथा अपुष्ट समाचारहरू प्रकाशन तथा प्रसारण भइरहेकाप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको हो।

नेपाल टेलिकम कम्पनी ऐन, २०६३ अनुसार स्थापना भएको र दूरसञ्चार ऐन, २०५३ बमोजिम अनुमतिपत्र प्राप्त गरी देशभर गुणस्तरीय दूरसञ्चार सेवा उपलब्ध गराउँदै आएको संस्था हो। कम्पनीले आफ्नो ऐतिहासिक पृष्ठभूमि, स्थापित प्रतिष्ठा, जनविश्वास तथा आमग्राहकको भरोसालाई सम्पत्तिका रूपमा लिएको जनाएको छ। कम्पनीका अनुसार प्रचलित ऐन, कानुन तथा पछिल्लो समय विकसित सुशासन का मूल्य र मान्यताअनुसार काम गर्दै आएको छ। सस्तो र भरपर्दो दूरसञ्चार सेवा सर्वसुलभ रूपमा सबै नागरिकलाई उपलब्ध गराउने तथा देशको आर्थिक र सामाजिक विकासमा उल्लेखनीय योगदान पुर्याउने उद्देश्यका साथ कम्पनी क्रियाशील रहेको विज्ञप्तिमा उल्लेख छ।

सहरी क्षेत्रदेखि देशका अति विकट स्थानसम्म दूरसञ्चार सेवा विस्तार गर्दै आएको टेलिकमले नयाँ प्रविधि अवलम्बन, गुणस्तरीय सेवाको उपलब्धता, नेपाल सरकारको नीतिगत लक्ष्य प्राप्ति तथा कम्पनीको व्यावसायिकता लाई मध्यनजर गरी विभिन्न कार्य गर्दै आएको जनाएको छ। खरिद प्रक्रियाका सम्बन्धमा कम्पनीको आर्थिक विनियमावली, दूरसञ्चार उपकरण तथा सेवा खरिद सम्बन्धी कार्यविधि तथा, सार्वजनिक खरिद ऐन र सार्वजनिक खरिद अनुगमन कार्यालयबाट जारी गरिएको स्ट्यान्डर्ड बिड डकुमेन्ट (Standard Bid Document) का आधारमा आवश्यक खरिद प्रक्रिया अपनाइने कम्पनीले स्पष्ट पारेको छ।

सो क्रममा कम्पनीको खरिद प्रक्रियालगायत विषयमा समाचार प्रकाशन तथा प्रसारण गर्नुअघि आवश्यक आधिकारिक विवरण कम्पनीका प्रवक्ता, सूचना अधिकारी, सहप्रवक्ता एवं सूचना तथा प्रकाशन शाखाबाट सहज रूपमा उपलब्ध हुने पनि विज्ञप्तिमा जनाइएको छ।

सम्पादकीय ....

सांसदबाट जनताको अपेक्षा : विवाद होइन, जनताको आवाज बनोस्

लोकतन्त्रमा जनताले आफ्ना समस्या, आवश्यकता र आवाज सरकारसम्म पुऱ्याउन जनप्रतिनिधि चुन्ने गर्छन् । जनताले निर्वाचित गरेका सांसद केवल राजनीतिक गतिविधिमा सीमित हुने व्यक्ति होइनन्, उनीहरू जनताको सुखदुःख बुझ्ने, समस्या समाधानका लागि पहल गर्ने र विकास निर्माणमा नेतृत्वदायी भूमिका खेल्ने जिम्मेवार प्रतिनिधि हुन् । त्यसैले जनताले आफ्ना सांसदबाट ठूलो अपेक्षा राखेका हुन्छन् ।

धादिङकी सांसद आशिका तामाङ पछिल्लो समय विभिन्न सार्वजनिक गतिविधि र अभिव्यक्तिका कारण चर्चामा रहने गर्नुभएको छ । उहाँले कतिपय अवस्थामा जनताका समस्या उठाउने र गलत कामको विरोध गर्ने प्रयास गर्नुभएको हुन सक्छ । जनताको पक्षमा आवाज उठाउनु जनप्रतिनिधिको सकारात्मक पक्ष हो । तर सार्वजनिक जीवनमा सक्रिय रहँदा उठाइने आवाज र गरिने व्यवहारले समाजमा कस्तो सन्देश दिन्छ भन्ने विषय पनि उत्तिकै महत्वपूर्ण हुन्छ । कुनै पनि जनप्रतिनिधि जहाँ पुग्दा पनि विवादमा जोडिने अवस्था आयो भने त्यसले उहाँको राजनीतिक भूमिका र कार्यशैलीबारे प्रश्न उठ्न सक्छ । विवाद हुनु सधैँ गलत होइन । कहिलेकाहीँ अन्याय र बेथितिविरुद्ध बोल्दा विवाद उत्पन्न हुन सक्छ । हरेक विषयलाई विवाद र आरोपप्रत्यारोपको माध्यम बनाउनुभन्दा समस्याको समाधान खोज्नु बढी आवश्यक हुन्छ ।

धादिङका जनताले आफ्ना सांसदबाट के अपेक्षा गरेका होलान् ? उनीहरूले पक्कै पनि जिल्लाका सडक, खानेपानी, स्वास्थ्य, शिक्षा, कृषि, पर्यटन र रोजगारीका विषयमा प्रभावकारी पहल भएको हेर्न चाहन्छन् । ग्रामीण क्षेत्रका नागरिकले सामान्य उपचारका लागि टाढा जानुपर्ने बाध्यता अन्त्य होस्, विद्यार्थीले गुणस्तरीय शिक्षा पाऊन् र युवाहरूले आफ्नै जिल्लामा रोजगारीको अवसर प्राप्त गरून् भन्ने चाहना राखेका छन् ।

त्यस्तै, बाढीपहिरो, सडक दुर्घटना, अव्यवस्थित विकास निर्माण र सार्वजनिक सेवामा हुने ढिलासुस्तीका विषयमा सांसदले सम्बन्धित निकायलाई जवाफदेही बनाउन सक्नुपर्छ । जनताको समस्या सामाजिक सञ्जालमा सार्वजनिक गर्नु मात्र पर्याप्त हुँदैन । त्यसको समाधानका लागि सम्बन्धित मन्त्रालय, विभाग र सरकारी निकायसँग निरन्तर समन्वय र पहल गर्नु आवश्यक हुन्छ ।

जनताले आफ्नो प्रतिनिधि संसद्मा प्रभावकारी रूपमा बोलेको र जनताको हितमा काम गरेको देख्न चाहन्छन् । आजको समयमा सामाजिक सञ्जालले जनप्रतिनिधिलाई जनतासँग जोडिन सजिलो बनाएको छ । तर सामाजिक सञ्जालमा लोकप्रिय हुनु र जनताको जीवनमा सकारात्मक परिवर्तन ल्याउनु फरक कुरा हुन्। लोकप्रियताभन्दा परिणाममुखी कामले जनताको विश्वास जित्न सकिन्छ ।

आशिका तामाङलगायत सबै जनप्रतिनिधिले आलोचनालाई शत्रुता नभई सुधारको अवसरका रूपमा लिन सक्नुपर्छ । जनताको प्रश्नको जवाफ दिनु, आफ्नो जिम्मेवारी पूरा गर्नु र गल्ती भए स्वीकार गरेर सुधार गर्नु नै असल नेतृत्वको पहिचान हो ।

पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका **"प्रत्यूष राष्ट्रिय दैनिक** तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं । तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

पत्यूष National Daily राष्ट्रिय दैनिक
नीलकण्ठ -३, धादिङबेसी,
फोन ०१०-५२१४३०,९८५११२०८५०
Email : pratyushdainik@gmail.com

मानव संशाधनको नियुक्ति पूर्वसम्पादन : सन्दर्भ तथा पृष्ठपोषकको परीक्षण

सुभाष कोइराला

मानव संशाधन विशुद्ध कर्मचारीसँग सम्बन्धित विषय भएको र सो कार्य गर्ने मानव संशाधन विभाग रहेकामा कसैको विमति रहँदैन ।नेपालमा विगतमा कर्मचारी प्रशासन भनिने यस विभागको कार्य निकै सङ्कुचित भए तापनि वर्तमान अवस्थामा भने यस विभागको महत्वलाई विशेष रूपमा सम्बन्धित संस्थाको कर्मचारी विनियमावली वा मानव संशाधन वा सरकारीतर्फ ऐनले सम्बोधन गरी नियमानुसार कार्य गर्न सघाउ पुर्याउने गर्दछ । जेसुकै नाम दिइएको भए तापनि संस्थाको प्रकृति, आवश्यकता, क्षमतार कार्यका आधारमा भने लगभग एकैखालको कार्य सम्पन्न हुने गर्दछ ।

अध्ययन पश्चात सुरु भएको जागिरे जीवनमा विभिन्न संस्थामा व्यावहारिक ज्ञान लिने अवस्था आइपर्यो । संस्थाअनुसारको प्रयोग, फरक संस्कृति, नियम कानुन र नवीनतम प्रयोग तथा व्यावहारिकता ले परिपक्व बनाउँदै आफैँलाई समयानुसार परिस्कृत गर्ने मौका जुर्न गयो । संस्थागत अनुभव बृहत् भए तापनि उठान गरिएको विषय भने अत्यन्त आवश्यक विधामा रहेको तर न्यून प्राथमिकतामा परेको विषय रहेको देखिन्छ ।

जुनसुकै पदमा पनि नियुक्ति दिंदा मानव संशाधनको विभिन्न अवयवहरूको चरणबाट गुज्रिनुपर्ने अनिवार्यता रहन्छ ।

सुरुमा दरखास्त माग गर्नु, स्वीकृत गर्नु, छनोट परीक्षाका विभिन्न चरणहरू आवश्यकताका आधारमा सम्पन्न गर्नु, अन्तर्वार्ता लिनु अनि उम्मेदवार छनोट गरी नियुक्ति दिनु रहेका छन् । नियमित कार्यले मात्र छनोट भएका उम्मेदवार को बारेमा सम्बन्धित सूचना प्राप्त गर्न र सही उम्मेदवारलाई नियुक्ति दिन कठिन हुने भएकाले सूचना प्रविधिको युगमा समयमैसही सूचना लिनु र सुरक्षा प्रविधिका विविध प्रयोगले आफूले छनोट गरेको उम्मेद्वारमार्फत व्यवसाय पनि चुस्त बनाउनु जरुरी हुन्छ । विगतमा सूचना प्रविधि तथा जोखिमको न्यूनीकरण गर्न लगानी समेत नहुने परिपाटीले सूचना र तथ्याङ्को अस्पष्टपना, दोहोरोपना र सही सञ्चार नभई सहीरूपमा विश्लेषण गर्न चुनौती रहेको देखिएवाट परिवर्तित हुँदै आजको सूचना प्रणाली र प्रविधि प्रयोग गरीकर्मचारी छनोटमा समेत अब्वल देखाउन र लाभ लिन तथा आवेदकहरूमध्येबाट सही उम्मेदवारको छनोट गर्ने गरिएको पाइन्छ ।।

छनोटपश्चात् नियुक्तिपूर्व आवेदकको सन्दर्भ परीक्षण तथा पृष्ठपोषक लिने कार्य भने विभिन्न क्षेत्रमा व्यावहारिक रूपमा प्रयोग नहुनु र प्रयोग भएको संस्थामा समेत अपूर्ण रहनु दुर्भाग्य नै मान्नु पर्दछ ।

यो विषय कर्मचारी वा प्रतिनिधिको छनोट भइसकेपछि नियुक्ति दिनु अगाडि निजको वास्तविक रूपमा आर्थिक, सामाजिक, राजनैतिक चालचलन, व्यहोरा, विगतका कुनै अक्षम्य करतुत, कार्यक्षमता, निष्ठा, कर्मचारीप्रतिको धारणा वा आफ्नो संस्थाका अन्य आवश्यकता आदिबारे आवेदकले व्यक्तिगत विवरणमा खुलाएका र निजलाई राम्रोसंग पहिचान गर्ने (आफन्त बाहेक) सान्दर्भिक व्यक्तित्व वा निजले उल्लेख गरेको पूर्ववत् सुपरभाइजर, लाइन मेनेजर वा हाकिमका माध्यमबाट लिखित जानकारी लिने कार्य हो ।

सरकारी निकाय

सरकारी निकाय तथा मन्त्रिपरिषद्को निर्णयमार्फत नियुक्ति हुने पदहरूमा यस विषयसँग सम्बन्धित कार्य गरेको पाइदैन । सरकारी कार्यालयको लागि लोकसेवामा लिखित र अन्तर्वार्ता उत्तीर्ण गरेपछि सोभै नियुक्ति पत्र दिई पदस्थापना गर्ने प्रचलन छ । देशका भावी सेवकहरूको असल चालचलन हुन आवश्यक रहेबाट लोकसेवामा उत्तीर्ण भई नियुक्तिका पर्खाइमा रहेका उम्मेदवारका लागि सम्बन्धित व्यक्तिले आफ्नो स्थानीय क्षेत्रको प्रहरी कार्यालयबाट असल चालचलन पत्र पेस गर्नुपर्ने आवश्यकता टड्कारो रूपमा देखिन्छ ।

यसले विगतमा गरेको गलत चालचलनपछि सरकारी सेवामा प्रवेश गर्ने बाटोलाई सधैंका लागि किनारा लगाउन सहयोग पुग्दछ । यस्तो प्रकृया भारतका केही राज्यमा समेत रहेको पाइन्छ तर मन्त्रिपरिषद्बाट नियुक्त प्रदान गर्ने पद भएमा भने छनोट भइसकेका तर नियुक्ति गर्नुअघि भने उठान भएको विषयलाई उच्च रूपमा पालना गर्नसके उच्च चरित्रका उम्मेदवारले मात्र नियुक्ति पाउने सम्भावना बढी देखिन्छ ।

राजदूत सिफारिस तथा राजनैतिक नियुक्ति

राजनैतिक वा मन्त्रि परिषद्मार्फत नियुक्ति हुने केही पद (राजदूत तथा संवैधानिक पद) हरूमा भने संसदीय समितिमार्फत उजुरी लिने, छानबिन गर्ने प्रकृया भएको पाइन्छ । सुनुवाइ पृष्ठ-पोषकको एक माध्यम हो तर सन्दर्भ र पृष्ठपोषकजस्तै पूर्ण हुन सक्दैन । विभिन्न निकायमा सिफारिस भएकाहरू पनि अस्वीकृत भएका अनेक उदाहरण छन् तर संसदीय सुनुवाइअनुसार उत्तीर्ण नहुने व्यक्तित्वहरूलाई नियुक्ति प्रदान गर्न दबाव दिनु भने गैरमनासिव कार्य हो ।

विगतमा आवेदन माग गर्ने, प्रकृया पुर्याउने तर आफन्तलाई पोस्ने गरी सोभै नियुक्ति गर्ने प्रचलनमा केही परिवर्तन भई हाल आवेदन माग्ने, अन्तर्वार्ता वा प्रस्तुतीकरण गर्ने कार्यबाट नियुक्ति दिने गरिएको देखिन्छ । यो प्रकृयामा पनि त्रुटि प्रशस्तै पाइएका छन् । यसका लागि विगतमा वा पछिल्लो कार्य गरेको संस्थाबाट वा आवेदकले उल्लेख गरेका व्यक्तिबाट सन्दर्भ र पृष्ठपोषक लिन आवश्यक रहेको देखिन्छ ।

यसका साथै, स्थानीय प्रहरीको चालचलन प्रमाणपत्रसमेत पेस गर्न आवश्यक हुन्छ । साथै, आवश्यकताका आधारमा विदेशका निकायबाट समेत प्रमाण सङ्कलन गरी निर्णय गर्ने अभ्यास गरेको अवस्थामा गलत व्यक्तिको नियुक्ति मा तगारो लगाउन सकिन्छ ।

अन्तर्राष्ट्रिय निकाय तथा सङ्गसंस्थाहरू

नेपालमा विभिन्न प्रकारका निकाय कार्यरत रहेका छन् । अभ्यास भने आ-आफ्नै रहेको छ । अधिकांश संस्थाको न्यूनतम आवश्यकता सन्दर्भ तथा पृष्ठपोषकबारे लिखित जानकारी माग गरेपश्चात नियुक्ति प्रदान गर्ने रहेको पाइन्छ । यो एक प्रकारको मानव संशाधन परीक्षण गर्दा आवश्यक पर्ने लिखत दस्तावेज हो, जुन बाह्य मानव संशाधन परीक्षण गर्दा सम्परीक्षण गर्ने गरिन्छ । अतः ती निकायहरूमा उठान विषयबारे पूर्ण कार्यान्वयन भएको पाइन्छ ।

बिमा र निजी कम्पनीहरू

नेपालका विभिन्न कम्पनी हरूमा श्रम ऐनले तोकेको मापदण्डअनुसार तयार भएका आफ्नै नियमावली प्रयोगमा रहेका छन् तर कर्मचारीको क्षमता, संस्थाको आवश्यकता, व्यावहारिक कठिनाइ र सीमितताका कारणले सन्दर्भ र पृष्ठपोषकबारे न छलफल हुन्छ न प्रयोग ।

मानव संशाधन विभागलाई स्वतन्त्र पूर्वक कार्य गर्ने अख्तियारी कमै प्रदान गरिएको तथा विभिन्न खालका आवश्यकताका आधारमा वा टाउके प्रणाली (हेड हन्टिङ)को सिफारिसमा ल्याइएका व्यक्तिगत विवरणहरूको परिक्षण अन्तर्वार्ताका माध्यमबाट हुने, विज्ञापनबाट आएका आवेदनहरूबाट भएका छनोट गर्ने व्यवस्था, आफन्तलाई भर्ना गर्ने प्रचलन, लक्ष्य प्राप्त गर्ने हुटहुटीले उपयुक्त ठानेका उम्मेदवार फुस्किने कारणले पृष्ठपोषक वा सन्दर्भ परिक्षण गर्न प्रायः असम्भव रहेको देखिन्छ ।

बैक तथा वित्तीय संस्थाहरू

बैक तथा वित्तीय संस्था हरूमा भने संस्थाअनुसार केही फरक व्यवस्था रहेको पाइन्छ । स्टाण्डर्ड चार्टर्ड बैंकको हकमा भने विदेशी कम्पनीमार्फत हुने भएको देखिदा लिखितमा नहुने प्रश्नै भएनतर अन्य बैंकहरूमा भने सन्दर्भ र पृष्ठपोषक टेलिफोनमार्फत हुने तर लिखितमा कमै प्रयोग हुने गर्दछ । कुनैले आवश्यकताअनुसार लिखितरुपमै राख्ने समेत गर्दछन् । यस प्रसङ्ग मानव संशाधनको विभिन्न फोरममा समेत उठने भएतापनि संस्थाको नीति, नियम तथा विनियमावलीमा निर्देशन भएअनुसार नै हुने भन्ने जानकारी पाइयो ।

विकास बैंकका हकमा भने सिफारिसमा स्वयं घोषणालाई नै सन्दर्भका रूपमा बुझिएको रहेछ तर लिखितमा पृष्ठपोषकका कागजात नराखिने रहेछ ।

त्यस्तै अन्यका हकमा टेलिफोनमार्फत बुझ्ने कार्य नै विषयवस्तुको पृष्ठपोषक तथा सन्दर्भ परीक्षण रहेको भन्ने बुझाइ देखिन्छ । जे होस् बैक तथा वित्तीय संस्थामा प्रहरी चालचलन तथा स्वास्थ्य प्रतिवेदन नै मुख्य पृष्ठपोषकको रूपमा रहेको देखिन्छ । यसका अलावा लिखित रूपमा व्यक्तिगत विवरणमा उल्लेखित अनुसार सन्दर्भ (रेफरेन्स) परीक्षण तथा पृष्ठपोषक परीक्षण लिने र राख्ने कार्यमा यो क्षेत्र पनि कमजोर नै रहेको देखिन्छ । जुन मानव संशाधनको भर्ना तथा छनोट गर्ने क्रमको मुख्य कार्य रहेको मानिन्छ ।

निष्कर्षः

मानव संशाधन बृहत् कार्य गर्ने क्षेत्र हो । यसका विभिन्न अवयवहरूले निरन्तर कार्य गरिरहेका हुन्छन् । कुनै पनि अवयवको न्यून उपयोग हुनु भनेको लिखित कागजात तथा प्रमाणमा आफू कमजोर हुनु हो । अतः आन्तरिक एवं बाह्य परीक्षणमा सुधार गर्न र सहीएवं उच्च चालचलनको मानव स्रोत भित्र्याउन गरिने यो प्रकृयाको अवलम्बन हरेक संस्थाले गर्नु अनिवार्य रहेको छ । अनिमात्र मानव संशाधन पेशागत हुने कार्यमा बल पुग्न जाने देखिन्छ ।

(लेखक नेपाल व्यवस्थापन सङ्घको पूर्वकार्यकारी निर्देशक हुनुहुन्छ)

स्वस्थ रहनः जीवनशैली परिवर्तन गरौं

असन्तुलित खानपिन तथा जीवनशैलीका कारण विभिन्न रोगहरु लाग्न सक्छन् ।
त्यसैले,

- स्वस्थ र सन्तुलित खाना खाऔं,
- शारीरिक क्रियाकलाप तथा नियमित व्यायाम गरौं,
- मदिरा तथा सुर्तिजन्य पदार्थको उपभोग नगरौं,
- प्रशस्त मात्रामा पानी पिउने गरौं,
- तनाव व्यवस्थापन गरौं ।



नेपाल सरकार,
विज्ञापन बोर्ड

नेपाल र भारतका विदेश सचिवस्तरीय द्विपक्षीय बैठक सम्पन्न

काठमाडौँ। नेपाल र भारतका विदेश सचिवस्तरीय द्विपक्षीय बैठक आपसी हितका विविध विषयमा छलफल गर्दै सम्पन्न भएको छ।

परराष्ट्रसचिव अमृतबहादुर राई र भारतका विदेश सचिव विक्रम मिश्रीबीच प्रतिनिधिमण्डलस्तरीय बैठक बुधबार भएको हो। बैठकमा नेपाल र भारतबीचको घनिष्ठ एवं मैत्रीपूर्ण सम्बन्धलाई थप प्रगाढ र फलदायी बनाउने विभिन्न विषयमा छलफल भएको मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीले जानकारी दिनुभयो। बुधबारको बैठकमा विकास सहकार्यलाई थप प्रभावकारिता बनाउने, ऊर्जा क्षेत्रमा विद्यमान सहकार्यलाई थप विस्तार र सुदृढीकरण र दुई देशका जनता बीचको सम्बन्ध र आपसी सम्पर्क लाई थप प्रगाढ बनाउने विषयमा छलफल भएको उहाँले बताउनुभयो। यसबाहेक बैठकमा नेपाल-भारत सम्बन्धका समग्र आयामहरूमा समेत छलफल भएको थियो।

भ्रमणका क्रममा विदेश सचिव मिश्रीले बुधबारै अर्थमन्त्री डा स्वर्णीम वाग्ले, परराष्ट्रमन्त्री शिशिर खनाल, ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री विराज भक्त श्रेष्ठ र पूर्वाधार मन्त्री सुनिल लम्सालसँग छुट्टाछुट्टै शिष्टाचार भेट गर्नुभएको थियो। विदेश सचिव मिश्रीले भोलि बिहान प्रधानमन्त्री वालेन्द्र शाहसँग शिष्टाचार भेट गर्नुहुने बताइएको छ। विदेश सचिव मिश्री नेपाल भ्रमण सम्पन्न गरी भोलि नै दिन नयाँदिल्ली फिर्ता हुने कार्यक्रम रहेको बताइएको थियो।

नागरिकले प्रहरीसँग भरोसा गरुन्, प्रहरीले बर्दीमा गर्व गर्न सकोस् : नवनियुक्त महानिरीक्षक केसी

काठमाडौँ । नवनियुक्त प्रहरी महानिरीक्षक डा मनोज केसीले नागरिकको सुरक्षा र सम्मानलाई आफूले सदैव सर्वोपरि राख्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ। गृह मन्त्रालयमा बुधबार प्रहरी महानिरीक्षकको दर्ज्यानी चिह्नबाट शुशोभित भएपछि संक्षिप्त सम्बोधन गर्दै उहाँले संविधान र कानुनप्रति अविचलित रहिरहने प्रण व्यक्त गर्नुभयो।

प्रहरी सङ्गठनको मर्यादा र निश्पक्षतामा आफूले कुनै सम्झौता नगर्ने उद्घोष गर्दै महानिरीक्षक केसीले जनतासँगको सम्बन्धलाई प्रहरी सङ्गठनको महत्वपूर्ण पूँजीमा रूपमा औँल्याउनु भयो।

"बुधबारैदेखि हामी सबै मिलेर कर्तव्यबाट सेवा प्रवाहसम्मको यात्रा सुरु गरौँ, जहाँ नागरिकले प्रहरी देख्दा डर होइन, भरोसा महुसस गरुन्, प्रत्येक प्रहरीले आफ्नो बर्दीमा गर्व गर्न सकोस्", उहाँले भन्नुभयो। सो क्रममा बोल्नुहुँदै उहाँले आधारभूत तहलगायत सम्पूर्ण प्रहरी कर्मचारीको गुनासो सुन्न आफ्नै सचिवालयमा तत्काल उच्चस्तरीय संयन्त्र सुरु गर्ने घोषणा गर्नुभयो। प्रहरी महानिरीक्षक केसीले सीमित स्रोत साधन, भवनको अभाव, लामो कार्यघण्टा, सरुवा बढुवामा



निश्पक्षता र मानसिक स्वास्थ्य लगायत पक्षमा आफू गम्भीर भएर लाग्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

आवश्यक स्रोत साधन, कानुनी स्पष्टता, कार्यगत स्वायत्तता का लागि सरकारसँग आग्रह गर्दै प्रहरी महानिरीक्षक केसीले प्रहरी सङ्गठनलाई दलीय प्रभावबाट मुक्त राख्नका लागि राजनीतिक दलबाट सहयोगको अपेक्षा गर्नुभयो।

सङ्घुवासभा गोल्डकप फुटबलः काठमाडौँलाई हराउँदै सुनसरी फाइनलमा

सङ्घुवासभा। सङ्घुवासभाको खाँदबारी नगरपालिका-३ मानेभञ्ज्याङमा सञ्चालन भइरहेको सङ्घुवासभा गोल्डकप फुलटबल प्रतियोगितामा सुनसरीको न्यू स्टार क्लब फाइनलमा प्रवेश गरेको छ।

बुधबार सम्पन्न पहिलो सेमिफाइनल खेलमा प्लानिङ ब्वाइजलाई ट्राइबेकरमा ६-५ गोल अन्तरले पराजित गर्दै न्यू स्टारले उपाधि यात्रालाई अघि बढाएको हो। महेन्द्र माविको खेलमैदानमा भएको उक्त खेल निर्धारित समयमा १-१ गोलको बराबरीमा सकिएपछि खेलको निर्णय ट्राइबेकरबाट गरिएको थियो।

प्रतिस्पर्धात्मक खेलमा न्यू स्टारका सञ्जय श्रेष्ठले खेलको २६औँ मिनेटमा गोल गर्दै टोलीलाई सुरुआती अग्रता दिलाएका थिए। तर, खेलको ६४औँ मिनेटमा प्लानिङ ब्वाइजका अनिष परियारले गोल फर्काउँदै खेललाई बराबरीमा ल्याए। दुवै टोलीले जितका लागि निरन्तर प्रयास गरे पनि निर्धारित समयमा थप गोल गर्न नसकेपछि खेल ट्राइबेकरमा धकेलिएको थियो। खेलका क्रममा पटक-पटक कर्नर किकको अवसर पाए पनि त्यसलाई गोलमा परिणत गर्न नसक्दा प्लानिङ ब्वाइजले अग्रता लिन सकेन। अन्ततः ट्राइबेकरमा न्यू स्टारले फाइनलमा आफ्नो स्थान सुरक्षित गऱ्यो। यस्तैगरी, प्रतियोगिता अन्तर्गत दोस्रो सेमिफाइनल खेल बिहीबार सङ्घुवासभाको लोहरुङ क्लब र सेकाहा सामुदायिक क्लबबीच हुनेछ। लोहरुङ क्लबले क्वाटरफाइनलमा सिरहाको सलहेश युवा क्लबलाई पराजित गरेको हो भने सेकाहा सामुदायिक क्लबले झापा-११ लाई हराउँदै अन्तिम चारमा स्थान पक्का गरेको हो। घरेलु जिल्लाको प्रतिनिधित्व गरिरहेका लोहरुङ र सेकाहामध्ये एउटा टोलीले फाइनलमा स्थान बनाउनेछ। कात्तिक २० गतेसम्म सञ्चालन हुने उक्त प्रतियोगितामा ८ टोलीको सहभागिता रहेको प्रतियोगिता संयोजक जिल्लामान राईले बताए।

प्रतियोगिताको विजेता टोलीले रु पाँच लाख र उपविजेतालेरु तीन लाख पुरस्कार प्राप्त गर्नेछन्। त्यस्तै, उत्कृष्ट गोलरक्षक, मिडफिल्डर, डिफेन्डर, फरवार्ड र सर्वाधिक गोलकर्तालाई जनही रु सात हजार पुरस्कार प्रदान गरिने आयोजकले जनाएको छ। उक्त प्रतियोगिता का सर्वोत्कृष्ट खेलाडीले नगद रु १० हजार प्राप्त गर्नेछन्। एडभान्स क्लब मानेभञ्ज्याङको आयोजनामा गत सोमबारदेखि प्रतियोगिता सुरु भएको हो।

छ सय कलाकारलाई रोयल्टी वितरण

काठमाडौँ। सङ्गीत रोयल्टी सङ्कलन समाजले बिहीबार स्रष्टा तथा विभिन्न कलाकारहरुलाई रु ७ सयदेखि रु ७ लाखसम्मको एनसेल पिआरबीटी तथा टिकटकमार्फत प्राप्त रोयल्टी रकम वितरण गरेको छ। समाजले काठमाडौँमा विशेष कार्यक्रम गरी ६५८ स्रष्टा तथा कलाकारलाई उक्त रोयल्टी वितरण गरेको हो।

कार्यक्रममा सङ्गीतकार एवं नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानका सदस्य सचिव भूपेन्द्र सिंह रायमाझीले रोयल्टी वितरण गर्नुभएको थियो। उहाँले रोयल्टीले कलाकारको थप कला सिर्जना गर्न र श्रमको सम्मान गर्न सघाउ पुग्ने बताउनुभयो।

सो कार्यक्रममा प्रज्ञा-प्रतिष्ठानका पूर्वउपकुलपति शम्भू राईले नेपाली गीत सङ्गीतको रचनात्मक विकास क्रमसँगै सर्जकको योगदानबारे प्रशंसा गर्नुभयो। गीतकार प्रमोद दुङ्गानाले रोयल्टी कलाकारको जीविको पार्जनसँग जोडिने महत्वपूर्ण आधार बनेको बताउनुभयो।

सरकारलाई जवाफदेहिताका .....

पाँच वर्षसम्म निरन्तर काम गर्न दिनुपर्ने पक्षमा पार्टी रहेको बताउनुभयो।

"हामी सरकारलाई पाँच वर्षसम्म काम गर्न दिनुपर्छ भन्ने पक्षमा छौँ । तर सरकारको प्राथमिकता कहाँ छ भन्ने प्रश्न पनि उठाउँछौँ," वरिष्ठ उपसभापति शर्माले भन्नुभयो।

सरकारको नीति तथा कार्यक्रम तथा राष्ट्रिय महत्त्वका विषयमा आवश्यक सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्दै उहाँले विपद् व्यवस्थापन र पुनर्निर्माणलाई राष्ट्रिय प्राथमिकतामा राख्न आग्रह गर्नुभयो। पार्टी सभापति गगनकुमार थापासँग जोडिएका सार्वजनिक अभिव्यक्ति, श्रव्य सामग्री तथा विभिन्न आरोपका विषयमा कांग्रेसले गम्भीर चासो व्यक्त गरेको छ। पार्टीले ती विषयमा उठेका प्रश्नलाई बेवास्ता नगर्ने स्पष्ट पार्दै स्वतन्त्र, निष्पक्ष, तथ्यमा आधारित र विश्वसनीय अनुसन्धान हुनुपर्ने माग गरेको छ।

पार्टीको नेतृत्वमाथि लागेका आरोप तथा सार्वजनिक भइरहेका सामग्रीको सत्यतथ्य छानबिन गर्न सरकारसँग आग्रह गर्दै वरिष्ठ उपसभापति शर्माले कांग्रेस कुनै पनि प्रकारको अनुसन्धानको सामना गर्न तयार रहेको बताउनुभयो। "नेपाली कांग्रेस पार्टी आफ्नो नेतृत्वका बारेमा उठाइने प्रत्येक प्रश्नको सामना गर्न र जस्तोसुकै छानबिन गर्न तयार छ। हामी स्वतन्त्र, निष्पक्ष र विश्वसनीय अनुसन्धानको पक्षमा छौँ", उहाँले भन्नुभयो।

कांग्रेसले न्यायपालिकाको स्वतन्त्रता, राज्यका संस्थाहरूको सुदृढीकरण र विधिको शासनप्रति आफ्नो प्रतिबद्धता दोहोऱ्याएको छ। सरकारले कुनै पनि व्यक्ति वा संस्थामाथि अनुसन्धान तथा कारबाही गर्दा पर्याप्त तथ्य, प्रमाण र कानुनी आधार स्पष्ट पार्नुपर्ने वरिष्ठ उपसभापति शर्माको भनाइ थियो। लोकतान्त्रिक व्यवस्थामा पारदर्शिता, जवाफदेहिता र कानुनी शासन अपरिहार्य रहेको उल्लेख गर्दै उहाँले राजनीतिक दल, सरकारी निकाय र राज्यका अन्य संस्थाले पनि कानुनी प्रक्रिया पालना गर्नुपर्ने बताउनुभयो।

वरिष्ठ उपसभापति शर्माले कांग्रेसले सरकारका कामकारबाहीमाथि संसदीय तथा राजनीतिक निगरानी जारी राख्ने र गलत गतिविधिका विषयमा आवाज उठाउने स्पष्ट पार्नुभयो। पत्रकार सम्मेलनमा उहाँले सञ्चारकर्मीलाई सत्तापक्ष र प्रतिपक्ष दुवैसँग समान रूपमा प्रश्न गर्न, तथ्यमा आधारित समाचार सम्प्रेषण गर्न तथा प्रेस स्वतन्त्रताको रक्षामा सक्रिय भूमिका निर्वाह गर्न आग्रह गर्नुभयो।

नेपाल र भारतका विदेश सचिवस्तरीय द्विपक्षीय बैठक सम्पन्न

काठमाडौँ । नेपाल र भारतका विदेश सचिवस्तरीय द्विपक्षीय बैठक आपसी हितका विविध विषयमा छलफल गर्दै सम्पन्न भएको छ।

परराष्ट्रसचिव अमृत बहादुर राई र भारतका विदेश सचिव विक्रम मिश्रीबीच प्रतिनिधि मण्डलस्तरीय बैठक बुधबार यहाँ भएको हो । बैठकमा नेपाल र भारतबीचको घनिष्ठ एवं मैत्रीपूर्ण सम्बन्धलाई थप प्रगाढ र फलदायी बनाउने विभिन्न विषयमा छलफल भएको मन्त्रालयले जनाएको छ।

बैठकमा आगामी उच्च स्तरीय भ्रमणको तयारी, हवाई, रेल, सडक तथा पुलगायतका पूर्वाधार मार्फत सम्पर्क सञ्जाल विस्तार र सुदृढीकरण तथा द्विपक्षीय व्यापार प्रवर्द्धन तथा सहजीकरणका विषयमा छलफल भएको मन्त्रालय का प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीले राससलाई जानकारी दिनुभयो।

यसैगरी बैठकमा विकास सहकार्यलाई थप प्रभावकारिता बनाउने, ऊर्जा क्षेत्रमा विद्यमान सहकार्यलाई थप विस्तार र सुदृढीकरण र दुई देशका जनता बीचको सम्बन्ध र आपसी सम्पर्कलाई थप प्रगाढ बनाउने विषयमा छलफल भएको उहाँले बताउनुभयो।

सो अवसरमा यसबाहेक बैठकमा नेपाल-भारत सम्बन्धका समग्र आयामहरूमा समेत छलफल भएको थियो। परराष्ट्रसचिव राईको मैत्रीपूर्ण निमन्त्रणामा विदेश सचिव मिश्री नेपालको औपचारिक दुई दिने भ्रमणका लागि बुधबार आइपुग्नु भएको हो। भ्रमणका क्रममा विदेश सचिव मिश्रीले बुधबारै अर्थमन्त्री डा स्वर्णीम वाग्ले, परराष्ट्रमन्त्री शिशिर खनाल, ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री विराज भक्त श्रेष्ठ र पूर्वाधार मन्त्री सुनिल लम्सालसँग छुट्टाछुट्टै शिष्टाचार भेट गर्नुभएको थियो। विदेश सचिव मिश्रीले आज बिहीबार बिहान प्रधानमन्त्री वालेन्द्र शाहसँग शिष्टाचार भेट गर्नुहुने बताइएको छ। विदेश सचिव मिश्री नेपाल भ्रमण सम्पन्न गरी भोलि नै दिन नयाँदिल्ली फिर्ता हुने कार्यक्रम रहेको छ।

पत्रकारहरुलाई खेलकुद समाचार लेखनसम्बन्धी अभिमुखीकरण

कर्णाली । दशौँ राष्ट्रिय खेलकुद प्रतियोगितालाई ध्यानमा राखेर सुर्खेतका पत्रकारहरुलाई खेलकुद समाचार लेखनसम्बन्धी अभिमुखी करण गरिएको छ।

नेपाल पत्रकार महासङ्घ जिल्ला शाखा सुर्खेतको समन्वय तथा राष्ट्रिय खेलकुद परिषद् प्रचारप्रसार उपसमितिको आयोजना मा (हिजो) बुधबार वीरेन्द्रनगरमा अभिमुखीकरण गरिएको हो।

उक्त कार्यक्रमको उद्घाटन गर्दै कर्णाली प्रदेशका सामाजिक विकासमन्त्री जीतबहादुर मल्लले १०औँ राष्ट्रिय खेलकुद प्रतियो गितामा खेलाइने विभिन्न खेलका बारेमा आयोजना गरिएको अभिमुखीकरणले खेल समाचार सम्प्रेषण गर्न मद्दत पुग्ने बताउनु भयो । मन्त्री मल्लले भन्नुभयो, "प्रतियोगिता मुलतः कर्णालीको प्रतिष्ठासँग जोडिएको खेलकुद क्षेत्रको महाकुम्भ मेला हो। यसलाई भव्यताका साथ सम्पन्न गर्नु हामीसबैको साझा दायित्व हो। प्रदेश सरकार सबै खेलाडीलाई आवासदेखि खेल खेल्ने वातावरण सहज बनाउने गरी तयारीमा जुटेको छ।" राष्ट्रिय खेलकुद परिषद् प्रचारप्रसार उपसमितिका संयोजक मोनालिसा खम्बुले आगामी मङ्सिर १६-२७ गतेसम्म सञ्चालन हुने प्रतियोगिताको समाचार सम्प्रेषण गर्न सम्पूर्ण सञ्चारकर्मीलाई अनुरोध गर्नुभयो। अब विवाद तथा गुनासो गर्ने कसैलाई छुट नभएको उल्लेख गर्दै उहाँले आफ्नो कर्तव्य एवं जिम्मेवारी सम्झेर आफ्नो भूमिका निर्वाह गर्न आग्रह गर्नुभयो। नेपाल पत्रकार महासङ्घ कर्णाली प्रदेशका महासचिव खगेन्द्र भट्टराईले पत्रकार तथा आयोजकबीच समन्वयको आवश्यकता भएको बताउनुभयो। आगामी दिनमा सहकार्यको वातावरण बनाउन उहाँले आग्रह गर्नुभयो। नेपाल पत्रकार महासङ्घ जिल्ला शाखा सुर्खेतका अध्यक्ष मधुवन बिसीले १०औँ राष्ट्रिय खेलकुद प्रतियोगिता व्यापक प्रचारप्रसार तथा सकरात्मक सन्देश प्रवाह गराउने उद्देश्यले राष्ट्रिय खेलकुद परिषद् प्रचारप्रसार उपसमितिसँगको समन्वयमा अभिमुखीकरण गरिएको बताउनुभयो।

बिमा पोलीसी हराएको सुचना

सूचना प्रकाशित मिति २०८३।०७।१९

मेरो निम्न ब्यहोराको एशियन लाईफ ईन्स्योरेन्स कम्पनीको बिमा पोलिसी तथा फाईल मिति २०८१ साल माघ १७ गते गाडीमा हराएको हुँदा फेला पार्नुहुने महानुभावहरुले नजिकको प्रहरी कार्यालय वा तपशिल नम्वरमा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।

नाम : चमेली कुमाल
ठेगाना : ज्वालामूखी गापा.५, धादिङ
पोलिसी न : ०९३२५००१९०४

एक स्वास्थ्य कार्यान्वयनमा वालिङको पहलः समुदायको आवाजदेखि साझा प्रतिबद्धतासम्म

स्याङ्जा । विश्व एक स्वास्थ्य दिवस २०२६ को अवसरमा स्याङ्जाको वालिङ नगरपालिकाले “एक स्वास्थ्य संवाद: समुदायदेखि नीतिसम्म” विषयक कार्यक्रम सम्पन्न गरेको छ। समुदायमा एक स्वास्थ्यसम्बन्धी जनचेतना अभिवृद्धि गर्ने, मानव, पशुपन्छी र वातावरणीय स्वास्थ्यबीचको अन्तरसम्बन्ध उजागर गर्ने तथा स्थानीय तहमा एक स्वास्थ्य नीतिको प्रभावकारी कार्यान्वयनका लागि साझा प्रतिबद्धता निर्माण गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो ।

समृद्ध समुदाय निर्माणको आधार: एक स्वास्थ्यमा साझा प्रतिवद्धता सहकार्य र व्यवहार भन्ने मुल नाराका साथ आयोजित कार्यक्रममा निकालिएको ज्यालीले वालिङ बजार परिक्रमा गरेको थियो। “एक स्वास्थ्य” विषयक संवाद कार्यक्रममा वालिङ नगरपालिकाका प्रमुख कृष्ण खाँण, उपप्रमुख कविता तिवारी गैह्रे, वालिङ नगरपालिकाका जनस्वास्थ्य अधिकृत कमल प्रसाद पाण्डे, गण्डकी प्रदेश, कृषि भुमि व्यवस्था तथा सहकारी मन्त्रालयका डा. राजेश चौधरी, नेपाल वन हेल्थ ईन्स्टिच्युटका सचिव संकल्प भट्टराई, कृषि विकास कार्यालय स्याङ्जाका निमित्त प्रमुख नारायण पाठक, कृषि विकास स्रोत केन्द्र गण्डकी प्रदेश प्रादेशिक कार्यालयका प्रमुख सुदिप रेग्मीले एक स्वास्थ्यको विषयमा बहस गरी यसको प्रभावकारी कार्यान्वनका लागि साझा प्रतिवद्धता र ऐक्यवद्धता जनाउनु भएको छ । कार्यक्रममा वालिङ बहुमुखी क्याम्पस, स्याङ्जाका विद्यार्थीहरूको नेतृत्वमा जनचेतनामूलक “एक स्वास्थ्य” विषयक सडक नाटक प्रस्तुत गरिएको थियो । कार्यक्रममा सहभागी सरोकारवालाहरूले मानिस, पशुपन्छी, बोटबिरुवा र वातावरणको स्वास्थ्य एकअर्कासँग अन्तरसम्बन्धित रहेको तथ्यलाई आत्मसात् गर्दै उल्लेखित सबै पक्षलाई सन्तुलित गर्दै यसको व्यवहारिक कार्यान्वयनका लागि ऐक्यवद्धता, सहकार्य र प्रतिवद्धता व्यक्त गर्दै ७ बुँदे “वालिङ एक स्वास्थ्य घोषणापत्र २०८३” जारी गरेका छन ।

वालिङ नगरपालिकाको आयोजना तथा हेफर इन्टरनेशनल नेपाल, दियालो संस्था, नेपाल वन हेल्थ ईन्स्टिच्युट र वालिङ बहुमुखी क्याम्पसको प्राविधिक सहयोग एवं समन्वयमा कार्यक्रम सम्पन्न भएको हो। क्याम्पस पढ्ने विद्यार्थी, स्वास्थ्य कर्मी, सरकारी तथा गैर सरकारी कार्यालयका प्रमुख एवम् प्रतिनिधी, प्राध्यापक, शिक्षक, कृषक, सहकारी, टोल विकास संस्था लगायतको उपस्थितीमा “एक स्वास्थ्य” सम्बन्धी शन्देश मूलक नारा सहितको प्लेकार्ड बोकी वालिङ बजार परिक्रमा गरेको थियो । एक स्वास्थ्यसम्बन्धी सन्देशसहितको ज्याली वालिङ नगरपालिका कार्यालय परिसरमा पुगेर सडक नाटकमा परिणत भएको थियो। विद्यार्थीहरूले प्रस्तुत गरेको सडक नाटकले समुदायमा देखिने एक स्वास्थ्यसम्बन्धी विभिन्न जोखिम र व्यवहारलाई जीवन्त रूपमा चित्रण गरेको थियो। नाटकमा मानिस तथा पशुपन्छीमा एन्टिबायोटिकको अनुचित प्रयोग र त्यसबाट बढ्ने एन्टि-माइक्रोबियल प्रतिरोध एएमआर (ढच), रेबिज लगायत पशुबाट मानिसमा सर्ने रोग, तरकारी उत्पादनमा विषादीको जथाभावी प्रयोगबाट मानव स्वास्थ्य तथा वातावरणमा पर्न सक्ने असर र दूध, मासुलगायत पशुजन्य खाद्य पदार्थको स्वच्छता तथा सुरक्षासम्बन्धी सवाल उठाइएको थियो ।

सडक नाटकपछि आयोजित “एक स्वास्थ्य संवाद: समुदायदेखि नीतिसम्म” कार्यक्रममा स्थानीय सरकारका प्रतिनिधि, मानव तथा पशु स्वास्थ्य विज्ञ, कृषि क्षेत्रका प्राविधिक, नेपाल एक स्वास्थ्य संस्थाका प्रतिनिधि, किसान, सहकारी, विभिन्न सरकारी निकाय तथा सरोकारवालाहरूबीच छलफल गरिएको थियो ।

संवेदनशील सूचनाको पूर्ण गोपनीयता कायम गर्न महानिरीक्षक केसीको निर्देशन

काठमाडौं । प्रहरी महानिरीक्षक डा मनोजकुमार केसीले सङ्गठनको आन्तरिक रणनीति र संवेदनशील सूचनाको पूर्ण गोपनीयता कायम गर्न निर्देशन दिनुभएको छ ।

प्रहरी प्रधान कार्यालयमा बुधबार पदबहालीपश्चात् आयोजित विशेष समारोहलाई सम्बोधन गर्दै उहाँले अनधिकृत सूचना चुहावट प्रति शून्य सहनशीलताको नीति अवलम्बन गरिने स्पष्ट पार्नुभयो । “विधिको शासन पालना गराउने क्रममा सङ्गठनप्रति पूर्ण बफादार रही कुनै पनि प्रलोभन, प्रभाव वा दबाबबाट मुक्त भई नागरिकको हकहित र कानुनी राज्यको पालना सुनिश्चित गर्न उच्च नैतिक चरित्र र व्यावसायिक इमानदारी सबै प्रहरी कर्मचारीबाट प्रदर्शन हुने अपेक्षा लिएको छु,” महानिरीक्षक केसीले भन्नुभयो । उहाँले सङ्गठनको श्रीवृद्धि, प्रतिष्ठा र नागरिकको विश्वासलाई केन्द्रमा राख्दै सबै प्रहरी कर्मचारी एक ढिक्का भई नेपाल सरकार र आमनागरिकका अपेक्षाअनुरूप काम कारवाही अगाडि बढ्नु आवश्यक रहेको बताउनुभयो । राष्ट्रसेवक कर्मचारीबाट प्रवाह हुने सेवाको स्तर र आम नागरिकप्रति गरिने व्यवहार अहिलेको ज्वलन्त प्रश्न र सुधारको क्षेत्र रहेको उल्लेख गर्दै उहाँले साङ्गठनिक र व्यक्तिगत रूपमा आमनागरिकप्रतिको व्यवहारलाई अझ जनउत्तरदायी बनाउन निर्देशन दिनुभयो ।

महानिरीक्षक केसीले प्रहरी कर्मचारीको मनोबल उच्च बनाउन उपलब्ध साधनस्रोतको उच्चतम उपयोग गर्दै कल्याणकारी कार्य र प्रहरी कर्मचारीको कार्य वातावरणमा सुधारका प्रयास निरन्तर जारी राखिने बताउनुभयो । सो क्रममा “प्रहरीको कार्यगत स्वायत्तता, सेवा विशिष्टी-करण, पारदर्शी, अनुमान योग्य र क्षमतामा आधारित वृत्तिविकास प्रणालीको प्रवर्द्धन लगायत विषयमा आवश्यक नीतिगत व्यवस्थाका लागि तालुक मन्त्रालय र नेपाल सरकारसँग सार्थक पहल गरिनेछ,” उहाँले भन्नुभयो । गृहमन्त्री सुधन गुरुङबाट दर्ज्यानी चिह्नद्वारा सुशोभित भएपश्चात् प्रहरी प्रधान कार्यालय पुग्नुभएका महानिरीक्षक केसीलाई प्रहरी अतिरिक्त महानिरीक्षक, प्रहरी नायब महानिरीक्षक, वरिष्ठ प्रहरी अधिकृतलगायत प्रहरी अधिकृत तथा जवानले स्वागत गर्नुभएको थियो ।

त्यस क्रममा नै प्रहरी महानिरीक्षक केसीले हेडक्वार्टरस्थित अमर प्रहरी स्मारकमा पुष्पहार चढाई अमर प्रहरीप्रति श्रद्धाञ्जली अर्पण गर्नुभएको थियो ।

यसैबीच, महानिरीक्षक केसीको उपस्थितिमा आजै बसेको नीतिनिर्माण समितिको बैठकले मुलुकमा शान्तिसुरक्षा र अमनचयन लाई थप मजबुत बनाउन विस्तृत सुरक्षा योजनाको प्रभावकारी रूपमा कार्यान्वयन गर्ने निर्णय गरेको केन्द्रीय प्रहरी प्रवक्ता अविनारायण काफ्लेले जानकारी दिनुभयो ।

उद्यमशीलता प्रवर्द्धनका लागि ‘नेपाल स्टार्टअप समिट’

गण्डकी । उद्यमशीलता र नवप्रवर्तन मार्फत स्वदेशमै उद्यमी बन्न युवा पुस्तालाई प्रेरित गर्ने उद्देश्यले बुधबार पोखरामा ‘नेपाल स्टार्टअप समिट-२०२६’ आयोजना गरियो । नीति रिसर्च प्रालिले आयोजना गरेको उक्त समिटको गण्डकी प्रदेशका मुख्य मन्त्री सुरेन्द्रराज पाण्डेले उद्घाटन गर्नुभयो । मुख्यमन्त्री पाण्डेले उद्यमशीलता प्रवर्द्धनका लागि प्रदेश सरकारले ‘गण्डकी स्टार्टअप’ कार्यक्रम सुरु गरे पनि अपेक्षित उपलब्धि हासिल हुन नसकेको बताउनुभयो । उद्यम सञ्चालन गर्न चाहनेलाई प्रदेश सरकारले अनुदानसहित प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिरहेको उहाँले बताउनुभयो ।

पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले महानगरले व्यवसाय प्रवर्द्धन केन्द्रमार्फत युवा पुस्तालाई उद्यमशीलता र रोजगारी सँग जोड्ने काम गरेको बताउनुभयो । “पोखराभित्र स्वरोजमूलक व्यवसाय सञ्चालन गर्दै आउनु भएका उद्यमीलाई प्रविधि र तालिम उपलब्ध गराउने काम पनि महानगरले गरिरहेको छ”, उहाँले भन्नुभयो, “महानगरले सञ्चालन गरिरहेको स्टार्टअपबाट पनि धेरैले लाभ लिइरहनुभएको छ ।” नगरप्रमुख आचार्यले स्टार्टअप अहिलेको जल्दोबल्दो र महत्वपूर्ण विषय रहेको बताउनुभयो । नवीन सोच र सिर्जनात्मक विचारलाई उद्यमशीलतासँग जोडेर रोजगारी सिर्जना गर्नु नै स्टार्टअपको मुख्य उद्देश्य भएको उहाँको भनाइ छ ।

नेपालका लागि पाकिस्तानी राजदूत मोहम्मद अमिर खानले स्टार्टअपसँग युवाहरूको भविष्य जोडिएको बताउनुभयो । प्रविधि र नवप्रवर्तनमार्फत युवाहरुले स्वदेशमै उद्यम तथा रोजगारीका अवसर सिर्जना गर्न सक्ने उहाँको भनाइ छ। औद्योगिक व्यवसाय विकास प्रतिष्ठानका कार्यकारी निर्देशक इन्जिनियर उमेशकुमार गुप्ताले स्टार्टअप कार्यक्रमले लगानीकर्ता लाई अवसरको पहिचान गर्न सघाउने बताउनुभयो । बैंक तथा वित्तीय संस्था र लगानीकर्तालाई जोड्न यस्ता कार्यक्रम प्रभावकारी हुने उहाँको भनाइ छ ।

समिटमा नीतिनिर्माता, सम्बन्धित क्षेत्र विज्ञ, बैंक तथा वित्तिय संस्थाका प्रतिनिधि, उद्यमी, विद्यार्थीलगायतले नेपालमा उद्यम विकासका सम्भावना, अवसर र चुनौतीबारे छलफल गरेका थिए । सहभागीहरुले स्वेदशी उत्पादनमा जोड दिँदै आत्मनिर्भर अर्थतन्त्रको विकास गर्नुपर्नेमा जोड दिएका थिए । बैंकका प्रतिनिधिहरुले स्टार्टअपका लागि दिइने कर्जा योजनाबारे जानकारी गराएका थिए । उनीहरुले नवीन सोचसहितको व्यावसायिक अवधारणा र स्पष्ट परियोजना प्रस्ताव भएमा विनाधितो कर्जा उपलब्ध गराउन सकिने बताएका थिए । कर्जा दिँदा व्यावसायिक योजना र ऋण तिर्न सक्ने क्षमताको मुल्याङ्कन गरिने उनीहरुको भनाइ थियो । समिटमा सहभागी विद्यार्थीले स्टार्टअपका बारेमा विभिन्न जिज्ञासा राखेका थिए । समिटमा युवा तथा विद्यार्थीहरुलाई व्यवसाय योजना तयार गर्ने, लगानी जुटाउने, सरकारी तथा निजी क्षेत्रबाट उपलब्ध सहुलियत र ऋण सुविधा उपयोग गर्ने तथा उत्पादनलाई राष्ट्रिय र अन्तरराष्ट्रिय बजारसम्म पुऱ्याउने विषयमा व्यावहारिक जानकारी प्रदान गरिएको थियो ।

नीति रिसर्च प्रालिका अध्यक्ष शोभा ज्ञवालीले स्टार्टअप समिटले उद्यमशीलता प्रवर्द्धनसँगै नीतिनिर्माण तहमा झकझकाउने काम गरेको बताउनुभयो । “विशेष गरी युवाहरुलाई स्वदेशमै उद्यमशील बनाउने उद्देश्यले नेपाल स्टार्टअप समिट आयोजना गरिएको हो”, उहाँले भन्नुभयो, ।

सख्खरको उचित भाउ पाउने आसमा उखु किसान

महोत्तरी । दीपावली र छठ पर्व मुख्खैमा छन् । यी दुवै पर्व मिष्टान्न परिकार बनाइने/खाइने पर्व हुन् । पर्वको यो परम्परा बुझेका महोत्तरीसहितका मिथिला क्षेत्रका उखु खेती गर्ने किसान अहिले धमाधम उखु पेलेर मिठ्ठा (सख्खर) पकाउन व्यस्त छन् ।

मिथिलामा खेतीकिसानी व्यवसायमा कात्तिकलाई ‘तेह्रौं मास’ भनिन्छ । कात्तिक आम्दानी कम र खर्च बढी हुने बेला हुँदा यसलाई किसानी भाषामा पूर्वजले ‘तेह्रौं मास’ भनेका भङ्गाहा-४ रामनगरका ६० वर्षीय गङ्गाराम महतो बताउनुहुन्छ । “यसबेला धान भित्री सकेको हुँदैन, यसै बेला उखु, गहुँ र अरु चैतीबाली लगाउने तयारीको बेला पर्छ, मुख्य चाडवाड यसै बेला पर्छन”, उहाँ भन्नुहुन्छ, “पैसो आउने स्रोत त्यति हुँदैन्, यही ‘तेह्रौं मास’ को बेला दुईचार पैसा हेर्न पाउँ र चाडपर्व टार्ने खर्चको जोहो होस् भनेर उखु पेलेर मिठ्ठा बनाउन थालिएको हो ।” बर्दिबास-७ प्रेमनगरका किसान रामअवतार महतो पनि अहिले उखु पेलेर मिठ्ठा बनाउने काममा व्यस्त हुनुहुन्छ । “अहिले दीपावली र छठले मिठ्ठाको माग उच्च छ, उपभोक्ताले गत वर्षको भन्दा हालसालै बनेको मिठ्ठा रुचाउँछन्, यसबेला भाउ पनि राम्रै पाइन्छ” उहाँ भन्नुहुन्छ, “त्यसैले अरु काम थाति राखेर अहिले मिठ्ठा बनाउन लागेका छौं ।” अहिले राम्रो रङ्गमा तयार भएको दानादार मिठ्ठा उपभोक्ताले घरमै आएर प्रतिकिलो रु १४० मा खरिद गर्ने गरेका उहाँको भनाइ छ ।

महोत्तरीका भङ्गाहा, बर्दिबास र गौशाला नगरपालिका क्षेत्रका बस्तीमा सघन उखुखेती गरिन्छ । जिल्लाका चिनी उद्योग मड्सिर अन्त्यतिरमात्र सञ्चालन हुन्छन् । त्यसैले किसान अन्य क्षेत्रबाट आम्दानी कम हुने कात्तिकमा खेतीपातीका लागि नगदको जोहो र चाडपर्व टार्न यसैबेला उखु पेल्नु परेको बताउँछन् ।

“कात्तिक हामी किसानलाई खर्च्चको अभाव हुने बेला हो, यसैबेला दीपावली र छठजस्ता महत्वपूर्ण पर्व पर्छन्”, बर्दिबास-१२ का किसान विश्वनाथ सिंह भन्नुहुन्छ, “यसैले खेतीपातीको खर्च जुटाउन र चाडपर्व धान्न किसान अहिले उखु पेल्न थालेका हुन् ।”

तिहारका लागि भेडाच्यांग्रा मुस्ताङबाट बँसी झारिए

मुस्ताङ । तिहारका लागि मुस्ताङबाट एक हजार ५९१ भेडाच्याङ्ग्रा बँसी झारिएका छन् ।

उक्त भेडाच्याङ्ग्रा तिहारका लागि बिक्री गर्न उपल्लो मुस्ताङ र डोल्पाबाट बँसीतर्फ झारिएको हो । यहाँस्थित कृषि तथा पशु विकास कार्यालयका अनुसार बुधबार बिहानसम्म डोल्पाबाट मुस्ताङ झारिएका र उपल्लो मुस्ताङबाट जोमसोम झारिएका भेडाच्याङ्ग्रा व्यापारीहरुले खरिद गरी बँसी झारिएको बताएका छन् ।

कृषि तथा पशु विकास कार्यालयका प्रमुख डा लालमणि अर्यालका अनुसार तिहार पर्वलाई लक्षित गरी व्यापारीले मुस्ताङबाट च्याङ्ग्रा एक हजार ३८५ र भेडा २०६ वटा बँसी झारेका हुन् ।

मुस्ताङका च्याङ्ग्रा पालक तथा व्यापारीहरुबाट च्याङ्ग्रा एक हजार १५० र भेडा १३६ तिहारका लागि बँसी झारिएको हो । यसैगरी उपल्लो डोल्पाबाट मुस्ताङ ल्याईएका च्याङ्ग्रा २३५ र भेड ७० वटा गरी तीन तीन सय भेडाच्याङ्ग्रा मुस्ताङबाट बँसी झरेको कृषि तथा पशु विकास प्रमुख डा अर्यालले जानकारी दिनुभयो ।

तिहारका लागि उपल्लो मुस्ताङ र डोल्पाबाट जोमसोम झारिएका भेडाच्याङ्ग्रा काठमाडौं, पोखरा, बागलुङ र म्यादीबाट आएका व्यापारीले खरिद गरी बिक्रीका लागि बजार झारेको कृषि तथा पशु विकास प्रमुख डा अर्यालले बताउनुभयो ।

हाल मुस्ताङ र डोल्पाबाट जोमसोम झारिएका भेडाच्याङ्ग्रा एक जिल्लाबाट अर्को जिल्लामा लैजान सम्बन्धित पशु चिकित्सकबाट निरोगिता भएको पुष्टि हुनुपर्छ ।

कार्यालय प्रमुख डा अर्यालले तिहारका लागि बँसी झारिएका भेडाच्याङ्ग्राको भेटेनरी परीक्षण गरेको उल्लेख गर्नुभयो । यसअघि दसैं पर्वलाई लक्षित गरी मुस्ताङबाट करिब १५ हजारभन्दा बढी भेडाच्याङ्ग्रा बाहिर ल्याइएका थिए ।

ल्यान्डफिल साइट निर्माण १६ वर्षपछि

नारायणगढ । ढिलै भए पनि अन्ततः भरतपुर महानगरपालिकाको ल्यान्डफिल साइट निर्माण १६ वर्षपछि अघि बढेको छ । महानगर पालिका-११ स्थित जलदेवी सामुदायिक वनको संरक्षित वन क्षेत्रमा रहेका दुई हजार ५०६ रुख कटान सुरु भएसँगै निर्माण प्रक्रियाले गति लिएको हो ।

उक्त क्षेत्रमा बुधबार वृक्ष तथा भूमिपूजन गरी महानगर पालिकाका कार्यवाहक प्रमुख चित्रसेन अधिकारीले रुख काटेर कटान कार्यको शुभारम्भ गर्नुभयो । महानगरपालिकाका कार्यवाहक प्रमुख अधिकारीले लामो समयदेखि रोकिएको फोहरमैला व्यवस्थापन केन्द्र निर्माणको प्रक्रिया अघि बढ्नु महानगरका लागि महत्वपूर्ण उपलब्धि भएको बताउनुभयो । उहाँले फोहरलाई अव्यवस्थित रूपमा फाल्दै आएको अवस्थाको अन्त्य गरी आधुनिक र व्यवस्थित फोहर प्रशोधन केन्द्र निर्माण गर्ने लक्ष्य रहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, “हामीले चाहेको फोहर प्रशोधन केन्द्र नेपालका ७५३ वटै स्थानीय तहमध्ये नमुना बन्न सकोस् भन्ने हो ।” उहाँले आधुनिक प्रविधिसहित विकास गर्न सार्वजनिक-निजी साझेदारी (पिपिपी) मोडलमा लैजाने तयारी गरेको जानकारी दिनुभयो ।

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालय:नीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : रमेश अधिकारी, Email : pratyushdainik@gmail.com,Website:epratyush.com